# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# मायादेवी गाउँपालिका, रुपन्देही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सामाजिक सेवा बिभाग**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: २०७६/७७
च.नं ८६

मिति: २०७७/३/२६

श्री अध्यक्षज्यू,
मायादेवि गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग
Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

## प्रदेश ५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महा-निर्देशनालय

पत्र संख्या : २०७६/७७ मिति : २०७७।३।२६
च.नं :८६

श्री अध्यक्षज्यू,
मायादेवी गाउँपालिका, रुपन्देही ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यसंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ७७ लाख ९५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २८ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ४७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. २१ लाख ९१ हजार र पेश्की बाँकी रु. ८० लाख १४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १५ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# मायादेवी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चिततता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो पालिका अन्तर्गत ८ वडा रहेको, २९ सभा सदस्य, ५८.५१ बर्ग कि.मी., क्षेत्रफल ७०८८४ जनसंख्या र ५ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम मायाँदेवी गाउँपालिकाले प्राप्त गरेको आय, व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ७५,९२०,३१०.४३ | १ | चालु खर्च | २५५,३८२,००१.७५ |
| | क) नगद | ११७,४४८.०० | क | गाउपालिका चालु खर्च | ९८,२८५,६३१.५१ |
| | ख) बैंक | ७५,८०२,८६२.४३ | ख | ससर्त चालु खर्च | १०५,८९८,५०९.२४ |
| २ | राजस्व (आन्तरिक आय) | ५३,६४६,९४६.८७ | ग | सामाजिक सुरक्षा खर्च | ४८,३२५,९६०.०० |
| | क) आन्तरिक राजस्व | ५३,६४६,९४६.८७ | घ | प्रदेश तथास्थानिय क्षमता विकास | ३०५,०००.०० |
| ३ | नेपाल सरकार अनुदान | ३२४,०८१,८९३.८८ | ङ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,५६६,९०१.०० |
| | क)वित्तीय समानीकरण अनुदान | १३८,९००,०००.०० | २ | पुजिगत खर्च | २१९,५०१,८९७.९० |
| | ख) सशर्त अनुदान | ११५,७२८,५००.०० | क | गाउपालिका पुजिगत खर्च | १९८,७७०,३३३.९० |
| | ग.राजश्व बाडफाड | ६९,४५३,३९३.८८ | ख | स्थानिय पुर्वाधार विकास साझेदारि | ११,८६९,९१४.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | १९,९०१,४११.८६ | ग | तराइ मधेश समृद्दि कार्यक्रम | १,५००,०००.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ४,७८६,०००.०० | घ | प्रदेश ससर्त खर्च | ७,३६१,६५०.०० |
| | ख) सशर्त अनुदान | ९,६००,०००.०० | ३ | धरौटी फिर्ता | ५,५५९,१५४.०० |
| | ग.राजश्व बाडफाड | ५,५१५,४११.८६ | ४ | मौज्दात | ७३,२१३,६२२.३९ |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३,०४३,०००.०० | | क) नगद मौज्दात | - |
| ८ | स्थानिय पुर्वाधार विकास साझेदारि | १२,९५४,०००.०० | | ख) बैंक मौज्दात | ७३,२१३,६२२.३९ |
| ९ | प्रदेश तथा स्थानिय तह क्षमता विकास | ३०५,०००.०० | | | |
| १० | तराइ मधेश समृद्दि कार्यक्रम | १,५००,०००.०० | | | |
| ११ | सामाजिक सुरक्षा | ५२,२१०,०००.०० | | | |
| १२ | धरौंटी आय | १०,०९४,११३.०० | | | |
| | जम्मा | ५५३,६५६,६७६.०४ | | जम्मा | ५५३,६५६,६७६.०४ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **वित्तीय विवरणको यथार्थता :** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ । | |
| २. | **मध्यकालीन खर्च संरचनाः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ३. | **समानीकरण अनुदान :** अर्थ मन्त्रालयले पठाएको अन्तर सरकारी वित्त हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शन अनुसार महालेखा नियन्त्रक कार्यालयले स्थानीय संचित कोषमा अनुदानको एक चौथाई प्रत्येक वर्ष श्रावण २५, कार्त्तिक २, माघ २ र बैशाख २ गरी ४ किस्तामा दाखिला गर्ने व्यवस्था छ । तर यस पालिकामा प्रथम किस्ता भाद्र १ मा दोश्रो किस्ता पौष १८, तेश्रो किस्ता फागुन २६ मा प्राप्त गरी सो निर्देशनको पालना गरेको देखिएन । यसरी समयमानै प्राप्त हुने रकम प्राप्त नहुँदा विकास निर्माणमा वाधा पुग्ने भएकोले निर्देशनको पालना हुनुपर्दछ । | |
| ४. | **वित्तीय समानीकरणको विवरण :** वित्तीय समानीकरण अनुदानबाट खर्च भएको विवरण सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्त्तिक १, माघ १, वैशाख १ वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गते भित्र पेश गर्ने व्यवस्था छ । यस अनुसार पालिकाले वार्षिक आर्थिक विवरण सो समयमा र  चौमासिक विवरण पठाएको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ५. | **आन्तरिक आय :** आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । गाउँसभाले आन्तरिकबाट रु. ३९७२५०००। प्राप्त हुने अनुमान गरेकोमा रु.५३६४६९४६।८७ प्राप्त भएको देखिएका व्यहोरा देहायनुसार छन :<br>१. **सिफारिस दस्तुर** : पालिका लगायत मुख्यत सिफारिस दस्तुर रु.२८,४८,४३६।३५ प्राप्त गरेकोमा प्रत्येक वडा र पालिकाबाट कुन कुन विषयमा कति सिफारिश भए सो विवरण नभएकोले भिडान गर्न सक्ने स्थिती छैन । तसर्थ, जति रकम असूल भएको छ त्यति नै सिफारिश भए भन्नु पर्ने स्थिती देखियो । तसर्थ सिफारिश गरेका विवरण पनि प्रत्येक महिना वडा वडाबाट र पालिकाबाट समेत प्रगति विवरण लिई सिफारिसबाट प्राप्त रकम भिडान गर्ने स्थिती तयार गर्नुपर्दछ । साथै, सिफारिसहरु जनताको सेवा गरेको एउटा मापन पनि भएकोले यस्ता सिफारिसका विवरण पनि सेवा प्रवाहको प्रगतिमा उल्लेख हुन उचित हुने देखिन्छ ।<br>२. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिका क्षेत्रभित्र व्यपार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था छ । तर पालिकाले सो अनुसार व्यवसाय कर नलगाई कपडा पसल, फेन्सी पसल, हार्डवेयर भाडा पसल जस्ता व्यवसायको प्रकृति अनुसार लगाई उक्त कानूनको पालना भएन । यसमा शिघ्र सुधार हुनपर्दछ । साथै, व्यवसायीहरुको लगत राखी सोबाट प्राप्त आम्दानीको आर्थिक विवरणमा उल्लेख गर्नुपर्ने रकम समेत उल्लेख गरी सो वित्तीय विवरण तयार भएन । यसमा सुधार हुनुपर्दछ ।<br>३. आन्तरिक आयको अनुमान गर्दा संभावित आयका क्षेत्र पहिचान गरी आय बृद्धि तथा यथार्थतामा आधारित बनाउनु पर्दछ । | |
| ६. | **मु.अ.कर असुल नगरेको–** मुल्य अभिवृद्धि कर ऐन,२०५२ अनुसार कर लाग्ने वस्तु वा सेवामा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा व्यवस्था वमोजिम यस पालिकाले ७ नाका हरुमा पर्यावरण शुल्कबाट रु ८८८९९२४।००, हाटवजारबाट रु २५३०००।००, ६ पोखरीहरुबाट रु २७६०००।०० समेत रु.९४१८९२४।०० राजश्व असुल गरेकोमा ठकेदारबाट मुल्य अभिवृद्धि कर रु.१२२४४६०।१२ असुल गरेको पाइएन । अतः ती ठेकेदारवाट कानुन तथा सम्झौता अनुसार मुल्य अभिवृद्धि कर असुल तथा मुल्य अभिवृद्धि कर समायोजन गरेको विवरण पेस गर्नु पर्ने रु<br>क) नदी जन्य पदार्थ निकासी ठेक्का वापत मुल्य अभिवृद्धि कर रु.५९५३८५०।२४ सहित जम्मा रु ५२४३९६८१।०० असुल गरेकोमा असूली गरेको मूल्य अभिवृद्धि कर रु.५९५३८५०।२४ दाखिला गरेको | १२२४४६०.० |

| | | |
|---|---|---|
| | प्रमाण पेश हुनुपर्ने रु. | ५९५३८५०.० |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ७. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । वार्षिक खरिद योजना, सेवाग्राही मैत्री संरचना, मलेप फारम नं. २, भ्रमण अभिलेख खाता, खरिद इकाई गठन जस्ता कार्यमा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गराई कार्यान्वयन गर्नु गराउनुपर्दछ । | |
| ८. | **वडा संचालन खर्च :** खर्चको विल भर्पाई पेश गरी सोधभर्ना दिने गरी विविधमा प्रति दिन रु. ५००। का दरले कार्यालय खुलेको दिनको रु. १२५००। प्रति महिनाका दरले इन्धनमा रु. ३६००। प्रतिमहिना रु. १८००। संचार खर्च प्रतिमहिनाका दरले ८ वटा वडाको लागि वार्षिक रु. १७१८४००। र रु. २००००। मर्मत खर्च प्रति वडा वार्षिक रु. १६००००। समेत रु. १८७८४००। खर्च लेखेको छ । यस्ता सफ्टवयर वजेटमा नियन्त्रण गर्नु पर्दछ । साथै सोधभर्ना खर्च लेख्दा पेस गरेको विलभरपाई अध्ययन गर्दा समान पुर्वकले रमक वुझेको भरपाई पेस भएको छैन । तसर्थ रु ५०००। भन्दा वढीको वस्तु वा सेवा खरिद गर्दा भरसक चेक मार्फत सम्वन्धीत आपुर्तकलाई भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १०. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ११. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको गाउँस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ । | |
| १२. | **चौमासिक खर्च :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १.७६ प्रतिशत, दोश्रो चौमासिकमा ११.७७ प्रतिशत र तेश्रो चौमासिकमा ८६.४७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनाको प्रतिशत खर्चको विवरण पेस भएन । यसबाट सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १३. | **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) पालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ । | |
| १४. | **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा | |

व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दीमा  देहायनुसार २२६ स्वीकृत रहेकोमा हाल जम्मा शिक्षक समेत १०६ जना स्थायी र ३५ जना राहत समेत २२२ जना कार्यरत रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिध्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पालिका वडा समेत | ६१ | २९ | २४ | | ५३ |
| २ | स्वास्थ्य | २४ | २४ | | | २४ |
| ३ | शिक्षक | १४१ | १०६ | | ३५ | १४१ |
| | **जम्मा** | **२२६** | **१५९** | **२४** | **३५** | **२१८** |

१५. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । यस पालिकामा घरधुरी ६८१० रहेकोमा घर नक्सा पास गर्न २९२ वटा निवेदन परेकोमा १५ वटा लाई अस्थायी अनुमति दिएको छ र ५४ वटाले पुरानो नियमित रुपमा नक्सा पास गरेका छन । अन्य नक्सा पास गर्न बाँकी ६७५६ घरको नक्सा नियमित गराउन बाँकी रहेकोले सिघ्र नियमित गराउनु पर्ने देखियो । यसबाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेका छैन । भवन संहिताको पालनाको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता विच कानूनको परिपालनाबाट विवाद समाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसका साथै नक्सा पास गर्ने क्रममा जनप्रतिनिधि, पालकामा कार्यरत स्थानीय कर्मचारीहरुको घर नियमित गरी सुरुवात गरेमा प्रभावकारी हुने देखिन्छ ।

१६. **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा मा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । यसका अतिरिक्त माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

१७. **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । साथै प्राप्त विवरण अनुसार यो वर्ष नागरीकता सिफारीस १९१०,सम्वन्ध विच्छेद ९, वसाईसराई प्रमाणीत ४४, जन्म दर्ता १८१०, मृत्यदर्ता ७६०, अन्य विवाह दर्ता २१७६ अपाङ्ग परिचय पत्र ७ दिएको छ ।  सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ ।

१८. **मुद्दा :** स्थानीय सरकार संचालन ऐन, २०७४ मा न्यायिक समितिको अधिकार क्षेत्र तोकेको छ । सो क्षेत्राधिकारमा परेको मुद्दा गतवर्षको जिम्मेवारी १२ वटा रहेकोमा यस वर्ष ४४ वटा थप भई ३ वटा मात्र फछ्र्यौट गरेको छ । मुद्दा दर्ता हुने तर छलफल र टुङ्गो लगाउन नआउने  प्रवृत्तिको कारण समयमा मुद्दा फछ्र्यौट हुन नसकेको जानकारी प्राप्त भएको छ । निश्चित प्रकृया पुरा गरेपछि छलफलमा नआउने मुद्दालाई नियमानुसार तामेलीमा राखी फरफारक गर्नु उचित हुने देखिन्छ ।

**योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा**

| | | |
|---|---|---|
| १९. | **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवमा उपभोक्ता समितिबाट निर्माण भएका २०८ योजनाहरु उपभोक्ता समितिबाट गराएकोमा ती उपभोक्ता समितिहरु नियमानुसार दर्ता समेत भएका छैनन भने उपभोक्ता समितिलार्य ती योजनाहरु हस्तान्तरण गरेको देखिएन । सम्पन्न योजना हस्तान्तरण गर्ने, हस्तान्तरण पश्चात मर्मत सम्भार भए नभएको अनुगमन गर्ने, विमा गर्ने, मर्मत सम्भारको कार्य योजना तथा सेवा शुल्क लिने संरचना र सोको विधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनुपर्दछ । | |
| २०. | **फोहोरमैला व्यवस्थापन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (भ) मा आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धि पूर्वाधारको विकास र व्यवस्थापनमा निजी र गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ । यस पालिका भित्र ८ वटै वडामा टोल विकास संस्थाको गठन र सक्रिय १५ ओटा टोल विकास संस्थाहरु को लागि रु २५०००। का दरले रु. ३७५०००। सरसफाई सामाग्री खरिद गर्न अनुदान दिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १,२,७ र ६ मा सरसफाईको कार्यक्रम संचालन गरेको छ। सार्वजनिक शौचालय निर्माण भएको छैन । ढलको व्यवस्थापन छैन । चालुवर्षमा बेथरी चौकमा सार्वजनिक शौचालय निर्माण गर्ने योजनाको लागि रु. ६ लाख वजेट व्यवस्था गरेको छ । प्लाष्टिकजन्य फोहोर व्यवस्थापनलाई कडाइका साथ लागू गर्ने र सिमेण्ट उद्योगबाट निष्कने धुलो धुवाँ समेत व्यवस्थापनकोलागी पालिकाले विशेष ध्यान दिनु पर्ने देखियो । | |
| २१. | **आन्तरिक लेखापरिक्षण :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्यय को आन्तरिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७५।७६ को आयव्यय कारोबारको आन्तरिक लेखापरिक्षण गराएको देखिएन । आन्तरिक लेखापरिक्षणको अभावमा नियमितता र वित्तिय शुद्धता सम्वन्धमा सुनिश्चितताको अभाव हुन गएको छ । अत : ऐनको व्यवस्था अनुसार आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । | |
| २२. | **स्थानीय विकास कोष :** मायादेवी गाउँपालिका स्थानीय विकास कोष संचालन कार्यविधि ऐन, २०७५ बमोजिम स्थानीय विकास कोषबाट संचालन हुने गरेकोमा यस पालिका भित्रको लगानी जिल्ला समन्वय समितिबाट प्राप्त आय र व्यय समेतको हिसाव एकीन गरी अद्यावधिक गर्नुपर्ने देखियो । साथै गरिवी निवारण काषबाट भएको लगानी समेत खोजी पालिकाभित्र थप प्रभावकारी परिचालन गर्नु पर्ने देखियो । | |
| २३. | **सडक सीमा अधिकार क्षेत्र :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार (Right of way) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार २४ फिट न्यूनतम सडकको चौडाई हुनुपर्ने निर्णय गरेको छ । सो सिमालाई कडाईको साथ लागु गर्नु पर्दछ । | |
| | **वित्तीय समानीकरण पुँजिगतर्फको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २४. | **प्रशासनिक खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको व्यवस्था गरेको छ । उक्त नियममा उपभोक्ताबाट सम्पादित कार्यमा कुनै किसिमको प्रशासनिक खर्च दिने व्यवस्था भएको देखिदैन । कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट सम्पादित ११० निर्माण कार्यको भुक्तानी गर्दा प्रशासनिक खर्च रु. २०००। का दरले दिएको देखियो । नियम विपरित भएको भुक्तानी रु.२२००००। असुल हुनुपर्ने रु.<br>साथै, यस प्रकारको व्यवस्था अन्य भुक्तानी भएका योजनाहरुमा पनि एकिन गरी असुल गर्नुपर्दछ । | २२००००.० |
| २५. | **सडक कालोपत्रे :** उपयुर्क्त प्रविधि प्रयोग मार्फत कम लागतमा उच्चतम प्रतिफल प्राप्त गरि खर्च प्रभावकारीता हासिल गर्नुपर्दछ । यस पालिकाले आवमा गरेको कालोपत्रे सडकको तुलनात्मक अध्ययन गर्दा Asphalt गर्दा प्रति घनमिटर रु. १७३७५। पर्ने र प्रि-मिक्स कार्पेट गराएकोमा प्रति घनमिटर रु. १४२९१। पर्ने देखियो । दिगोपनाको आधारमा हेर्दा Asphalt १० वर्ष सम्म टिकाउ हुने र प्रिमिक्स कार्पेट ५ वर्ष मात्र टिकाउ हुनेहुँदा खर्चको तुलनात्मक अध्ययन हेर्दा २२ प्रतिशत Asphalt महंगो देखिएपनि टिकाउको हिसावले दोव्वर बढि हुने भएकोले पालिकाले यस तर्फ जानु उपयुत्त देखिन्छ । | |
| २६. | **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद | |

अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्बजनिकिकरण फारम तयार गरेतापनि फाराममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँको बाँकी अवस्था, योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ ।

२७. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा उपभोक्ता समितिबाट सम्पादन भएको ३६ वटा भौचर परीक्षण गर्दा लागत अनुमानमा समावेश गरि मुअकर रु. ८२३६४५४। भुक्तानी गरेको देखियो । नियममा भएको व्यवस्था विपरित भूक्तानी गरेको नियमसम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

२८. **प्रमाण पेश गर्नुपर्ने :** आर्थिक कार्यविधि नियमावली, २०५५ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको वा अन्य कुनै प्रकारले प्राप्त हुन आएका मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । देहाय बमोजिमको खरिद गर्दा प्राप्त भएका निम्नानुसारका सामानहरु आम्दानी बाधेको नदेखिएकोले आम्दानी/खर्च विवरण बनाई पेश गर्नुपर्ने देखिएको रु. ४७४८१६६.३१

| क्र. सं | भौ.न./मिति | विवरण | मूल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १. | १६४-०७६/२/१४ | ८/९ मिटरका ५० थान विद्युतीय पोल | ४९१९४८.३३ | आम्दानी, खर्च र प्रयोग भएको स्थानको विवरण पेश हुनुपर्ने |
| २. | १८३-०७६/२/२० | विद्युत्तीय पोल र तार | ३०००००.० | |
| ३. | १९८-०७६/२/२८ | ट्रान्सफर्मर ७ थान | ३४०१३३६.० | |
| ४. | २०२-०७६/२/२८ | विद्युत्ती पोल २६ थान | २४४०३०.२८ | |
| ५. | २०४-०७६/२/२९ | विद्युत्ती पोल २६ थान | ३१०८५१.७० | |
| | | **जम्मा** | **४७४८१६६.३१** | |

२९. **विजक बेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । विल विजक बेगर भौ.न. २०५-०७६।२।३० बाट खर्च लेखेकोले सो रकम भुक्तानी लेख्नेबाट असूल गर्नुपर्ने रु. ८०१९८.०

३०. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । कालोपत्रे सडकमा विटुमिन प्रयोग प्राइमकोट प्रतिवर्ग मिटर ०.९७ लि/केजी, ट्याक कोट प्रति वर्ग मिटर १.२२ लि/केजी, प्रिमिक्स कार्पेट प्रति घनमिटर ७७ लि/केजी र स्याण्ड सिल प्रति वर्गमिटर ०.६८ लि/केजी को नर्म्स बमोजिम प्राविधिकबाट पेश भएको नापी तथा उपभोक्ता समितिले पेश गरी संलग्न गरेको विटुमिनको विल परीक्षण गर्दा देहायानुसारको बढी भुक्तानी गरेको र सडकको गुणस्तरमा समेत असर पर्ने देखिएकोले प्राविधिक पुष्ट्याई सहित खर्च एकीन गरी नपाउने भुक्तानी असुल हुनुपर्ने रु. १०१८७८२.२

| क्र. सं. | भौचर नं./मिति | विवरण | Prime coat प्रति इकाई ०.९७ लि. विटुमिन | | Tack coat प्रति इकाई १.२२ लि. विटुमिन | |
|---|---|---|---|---|---|---|
| | | | प्राविधिक विल बमोजिम | जम्मा विटुमिन | प्राविधिक विल बमोजिम | जम्मा विटुमिन |
| १. | ३०९-०७६/३/२९ | अधुरो बाटो सुकरौलाी सडक स्तरोन्नती | ४८३ | ४६८.५१ | ४८३ | ५८९.२६ |
| २. | ३११-०७६/३/२९ | परसहवा कालो पत्रे जुखुरिया जाने | १२८१ | १२४२.५७ | १२३९ | १५११.५८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाटो उ.स. | | | | |
| ३. | २९३-०७६/३/२७ | अधुरो कालिका सडक कालोपत्रे उ.स. | १८१५ | १७६०.५५ | १५३९ | १८७७.५८ |
| ४. | २८८-०७६/३/२५ | पक्की बाटो निर्माण उ.स. | १०५१.५ | १०१९.९६ | ८९०.९ | १०८६.९ |

| | premix carpet प्रति इकाई ७७ लि. विटुमिन | | sand seal प्रति इकाई ०.६८ लि. विटुमिन | | प्राविधिक विल बमोजिम विटुमित लि/कजी | पेश भएको विल बमोजिम विटुमिन लि/केजी | फरक | जिल्ला दररेट बमोजम प्रति इकाई रु. ८० का दरले हुने रु. |
|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक विल बमोजिम | जम्मा विटुमिन | प्राविधिक विल बमोजिम | जम्मा विटुमिन | | | | |
| १. | ९.६६ | ७४३.८२ | ४८३ | ३२८.४४ | २१३०.०३ | ६२४ | १५०६.०३ | १२०४८२.४ |
| २. | २३.५८ | १८१५.६६ | ११७६ | ७९९.६८ | ५३६९.४९ | १५६० | ३८०९.४९ | ३०४७५९.२ |
| ३. | ३८.५३ | २९६६.८१ | १५४०.४६ | १०४७.५१ | ७६५२.४५३ | २३८६ | ५२६६.४५ | ४२१३१६.२२ |
| ४. | १७.८२ | १३७२.१४ | ८९०.९ | ६०५.८१२ | ४०८४.८०५ | १९३२ | २१५२.८१ | १७२२२४.४ |
| | जम्मा | | | | | | | १०१८७८२.२ |

३१. **नर्म्स तथा नापी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सम्पादित निम्नानुसारका निर्माण कार्यमा नापि कितावमा दिएको आइटमको परिमाण र पेश भएको विलविजकमा उल्लेखित परिमाण विच तादम्यता नमिलेको देखियो । गुणस्तर परीक्षण नगरेको र प्राप्त विलविजकबाट उपभोक्ता समितिले यथार्थमा खरिद गरी सो कार्यमा दगाएको देखिदा गुणस्तरको एउटा मापक हुने भएपनी गुणस्तर परीक्षणको आधार मानेको देखिएन । यस अनुसार निम्न योजनाको भुक्तानीमा बढि परिमाणमा भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. १०५७३०४.०

| क्र.सं. | भौ.न./मिति | विवरण | परिणाम | फरक दर | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ६५-०७५/१०/११ | अधुरो पक्की नाली निर्माणमा नापी किताव बमोजिम $M_{15}$ ग्रेड, इटाको जोडाइ १:४, ३ एमएम पनिङमा लाग्ने सिमेन्ट २९६ बोरा भएकोमा विल १५० बोरा रहेकोले बढि भुक्तानी १४६ बोरा देखिएको | १४६ | ८७० | १२७०२०.० |
| २ | ६७-०७५/१०२९ | कल्भर्ट निर्माण उ.स. वडा नं. ५ को नापी कितावमा ल्याव परिक्षण खर्च रु. ५०००। दिएकोमा कार्यालयभित्र नै परीक्षण भई रु. ७००। मात्र लागेकोले बढि भुक्तानी भएको । | | | ४३००.० |
| ३ | ७८-०७५/११/२२ | वडा नं. ३ बोरिङ जडान गर्न राम करण भुजलाई दिएको रकममा सूचना पाटी र उपभोक्ता समिति व्यवस्थापन खर्च समेत रु. ४०००। दिएको देखिएकोले सोको विलविजक नरहेकोले असुल हुनुपर्ने । | | | ४०००.० |
| ४ | ९०-०७५/१२/१८ | प्रतिक्षालय भवन निर्माण वडा नं. १ को नापी किताव बमोजिम $M_{15}$ इटाको जडान १:४, ३ एमएम पनिङ र १२.५ एमएम प्लाष्टरमा लाग्ने सिमेन्ट १७० बोरा भएकोमा विल ९० बोरा रहेकोले ८० बोरा बढि भुक्तानी भएको | ८० | ८७० | ६९६००.० |
| ५ | ९६-०७५/१२/२१ | पिसिसि ढलान उस वडा नं. ४को नापी किताव बमोजिम $M_{15}$ मा ८५ इकाईको लाग्ने सिमेन्ट ५४२ बोरा भएकोमा विल ४०० बोरा रहेकोले १४२ बोरा बढि भुक्तानी भएका | १४२ | ८७० | १२३५४०.० |
| ६ | १०३-०७६/१/५ | कृष्ण अर्यालको घर देखि ... पक्की नाली निर्माण को नापी किताव बमोजिम $M_{15}$ इटाको जडान १:४, सिमेन्ट स्याड प्लाष्टर १:४ मा लाग्ने सिमेन्ट ६५२ बोरा भएकोमा विल ३५० बोरा रहेकोले ३०२ बोरा बढि भुक्तानी भएका | ३०२ | ८७० | २५७३०४.० |
| ७ | १२०-०७६/१/१५ | गाउँस्तरीय सडक स्तरोन्नती उसको नापी किताव बमोजिम $M_{15}$ मा लाग्ने सिमेन्ट ५४९ बोरा भएकोमा विल ४८० बोरा रहेकोले ६९ बोरा बढि भुक्तानी भएका | ६९ | ८७० | ६००३०.० |
| ८ | १२१-०७६/१/१५ | किर्तीपुर टोलमा सडक स्तोरोन्नती उसको नापी किताव बमोजिम $M_{15}$ मा लाग्ने सिमेन्ट ३२० बोरा भएकोमा विल २६० बोरा रहेकोले ६० बोरा बढि भुक्तानी भएका | ६० | ८७० | ५२२००.० |
| ९ | २५९-०७६/३/१९ | सानो दुविहवा गाउँमा पक्की नाली निर्माणमा नापी किताव बमोजिम $M_{15}$ ग्रेड, इटाको जोडाइ १:४, १२.५एमएम प्लाष्टरमा लाग्ने सिमेन्ट २५३ बोरा भएकोमा विल १३० बोरा रहेकोले बढि भुक्तानी १२३ बोरा देखिएको | १२३ | ८७० | १०७०१०.० |
| १० | २८०-०७६/३/२४ | बाटो स्तोरोन्नती अहिरौली उ.सको नापी किताव बमोजिम $M_{15}$ को ५०.३३ घनमिटरमा लाग्ने सिमेन्ट ३२२ बोरा | ५३ | ८७० | ४६११०.० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भएकोमा विल २६९ बोरा रहेकोले बढि भुक्तानी ५३ बोरा देखिएको | | | |
| ११ | ३०५-०७६/३/२९ | कन्हैली आरसिसि ढलान वडा नं. ९मा नापी किताव बमोजिम $M_{15}$ ग्रेडको १२८ घनमिटरमा लाग्ने सिमेन्ट ८१९ बोरा भएकोमा विल ६८६ बोरा रहेकोले बढि भुक्तानी १३३ बोरा देखिएको | १२३ | ८७० | ११५७१०.० |
| १२ | ३०७-०७६/३/२९ | लुम्बीनी सडक देखि गाउँको मेन बाटोमा पक्की नाली निर्माणमा नापी किताव बमोजिम $M_{15}$ ग्रेड, इटाको जोडाइ १:६, १२.५ एमएम सिमेन्ट प्लाष्टरमा लाग्ने सिमेन्ट ३०४ बोरा भएकोमा विल २०० बोरा रहेकोले बढि भुक्तानी १०४ बोरा देखिएको | १०४ | ८७० | ९०४८०.० |
| | | जम्मा | | | १०५७३०४.० |

३२. **मूल्य अभिबृद्धि कर भुक्तानी :-** मुल्य अभिबृद्धि कर नियमावली (२०७६ को बजेट वक्तव्य), २०५३ को नियम ६ (ग) अनुसार ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु तथा सेवा आपूर्ति गर्ने ठेकेदार वा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि करको ५० प्रतिशत निजको नामवाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । भौ.न. २२७-०७६।३।८ बाट ब्राइट/श्रीखण्डपुर जेभीलाई भुक्तानी गर्दा मुअकर रु. ६०५५८०। को ५० प्रतिशत रु. ३०२७९०। कट्टा गरी राजश्व खातामा जम्मा गर्नुपर्नेमा सो गरेको देखिएन । अतः उक्त भुक्तानीको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. ३०२७९०.०

३३. **हैण्डपाइप जडान :** भौ.न. ९२-०७५।१२।२० बाट रु. ८०००००। र भौ.न. १७५-०७६।२।१९ बाट रु. ५०००००। समेत जम्मा रु. १३०००००। गाउँपालिकाको सहयोगमा वडा नं. ६ मा २४ वटा हेण्ड पाइप जडान गरेकोमा उक्त हेण्ड पाइप लाभान्वित परिवारको विवरण पेश भएको देखिएन । साथै, वितरित हेण्ड पाइप गाउँपालिकाको सहयोगमा हो भन्ने जानकारी दिने संकेत केहि पनि नराखेको र वास्तविक आवश्यकता रहेको परिवारले प्राप्त गरेको हो भन्ने आधार प्रमाण पेश नभएकोले आवश्यक छानविन गरि परिवार संख्या र जडित हेन्डपाइपको संख्या अनुगमन गरि पेश हुनुपर्ने देखिएको रु. १३०००००.०

३४. **सडक बोर्ड :** सडक बोर्डको वजेटबाट वडुवा गाउँ बाटो मर्मत गरी रु. ९२१९२५। टि एण्ड एस निर्माण सेवालाई भुक्तानी गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ३ लाख प्राप्त भएको छ भने रु. ४३७५४०। प्राप्त हुन बाँकी देखिएकोले सो रकम सोधभर्ना लिनुपर्ने रु. ४३७५४०.०

उल्लेखित सडक मर्मत गर्दा साइट प्लानको नक्सा तयार गर्नुपर्ने, अनुगमन मूल्यांकन हुनुपर्ने समेत देखिएको छ । साइट प्लान तयार गर्नुपर्ने सम्वन्धमा छलफल गर्दा प्राविधिक कर्मचारी न्यून भएको र उपभोक्ता समितिबाट गरेका २०८ वटा योजना र ठेकेदारबाट गरिएका योजना समेतको लागत अनुमान तयार गर्ने, मूल्यांकन गर्ने विल वनाउने लगायतका कार्य गर्न कर्मचारीको पर्याप्तता नहुँदा समस्या परेको जानकारी प्राप्त भएको छ ।

३५. **फिल्ड भत्ता :** दैनिक ज्यालादारीले फिल्ड भत्ता लिएको नियमसम्मत देखिदैन । देहायका २ जना व्यक्तिलाई दैनिक ज्यालादारीमा कामकाज गराई रु. १४५। प्रतिदिनको दरले रु २३२००। भुक्तानी दिएको देखिएकोले नियम विपरितको भुक्तानी असुल हुनुपर्ने रु. २३२००.०

| क्र.स | नाम | दिन | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रमेश यादव | ८० | ११६००.० | |
| २ | श्री हृदेश कुमार वानिया | ८० | ११६००.० | |
| | जम्मा | | २३२००.० | |

३६. **कन्टिजेन्सी खर्च :** कन्टिजेन्सी रकम कार्यक्रमसँग सम्वद्ध गरी खर्चको सदुपयोग गर्नुपर्दछ । यस पालिकाले कन्टिजेन्सी वापत रु. ५० लाख छुट्याएकोमा करिव रु. ३० लाखको वाटो मर्मत योजनामा खर्च गरेको जानकारी प्राप्त भयो भने मोटरसाइकल खरिदमा रु. २७६०००। एवम् अमिन इन्जिनियरलाई ज्यालादारीमा राखि २०७५ चैत्र मसान्तसम्म खर्च गरेको देखिएकोले चालू प्रकृतिका खर्चमा नियन्त्रण गर्न पालिकाको ध्यान जानुपर्ने देखियो ।

| | | |
|---|---|---|
| ३७. | **विद्युतीय तार :** निर्माण कार्य गर्दा गुणस्तरीय हुनुपर्दछ । वडा नं. ३ मा राजनको घर देखि महेन्द्र आरखको घरसम्म तार पोल जडान गर्न उपभोक्ता समिति गठन गरि रु. ४ लाख भुक्तानी गरेको देखियो । उक्त समितिबाट भएको कार्यको स्थलगत अवलोकन गर्दा पोलमा जडान गरेको ०.०३ कण्डक्टर तार हरेक पोलको विचमा तारको ज्वाइन्ट गरेको देखियो । यस्तो तार खरिद गर्दा ३ किमीको क्वाइल हुनेमा सो खरिद नगरी अन्य बाँकी रहेको तार जोडी सम्पन्न गरेको देखियो । यस्तो कार्यले विद्युत्तिय जोखिम बढाई समुदायलाई क्षति पुग्ने हुदा सो कार्यमा सुधार गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा प्राविधिक नाँपजाँच सहित १९२० मिटर तार खरिद गरेको मूल्य रु. ६५२८०। असुल हुनुपर्ने रु  *स्थलगत अवलोकनको क्रममा देखिएका ज्वाइन्टहरु ।* | ६५२८०.० |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३८. | **छात्रवृत्ति वितरण –** विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा अनुमति तथा स्वीकृति प्राप्त सबै सामुदायिक विद्यालयका कक्षा १० सम्मका विद्यार्थीलाई छात्रवृत्तिको लागि निकासा दिने र निर्धारित समयभित्र छात्रवृत्ति वितरणको सुनिश्चित गर्न विभिन्न संयन्त्रबाट अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष २० विद्यालयले छात्रवृत्ति वितरणको भरपाई बेगर रु. १६४६३००। वितरण गरेकोमा अनुगमन प्रतिवेदन संलग्न छैन । छात्रवृत्ति वितरणको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ३९. | **औषधि खरिद :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८ को खण्ड (क) को (३) बमोजिम शिलवन्दी दरभाउपत्र आवहान गरी र सोझै खरिद गरेको (एलोपेथिक र आर्युवेद) समेत रु. १७७४५१९। र रु. ९१००००। समेत रु. २६८४५१९। खर्च गरेको सम्वन्धमा परीक्षण गर्दा देखिएका व्यहोरा देहायानुसार छन : <br>१. खरिद गरिएका औषधिमा सार्वजनिक लेखा समितिले नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनी प्रत्येक स्ट्रीपमा उल्लेख गर्नुपर्ने भएपनि संघीय सरकारबाट प्राप्त औषधिमा सो उल्लेख भएपनि यस पालिकाबाट खरिद भएका औषधिमा INS (Institutional Supply) भनी सानो अक्षरबाट उल्लेख भएकोले यसलाई लेखा समितिको निर्देशानुसार प्रष्ट उल्लेख गर्नुपर्ने देखियो । <br>२. खरिद गरी प्राप्त भएका र संघीय सरकाबाट प्राप्त भएका औषधी विरामीलाई उपलब्ध गराउदा ती विरामीलाई वितरण गरेको देखिने गरी विवरण राखेको नदेखिएकोले औषधीको नाम, प्रत्येक दिन प्राप्त र जिम्मेवारी खुलाई कुल जम्मामा प्रत्येक विरामीलाई वितरण गरेको औषधीको परिमाण उल्लेख गरी बाँकी समेत देखिने फरमेट तयार गरी प्रत्येक स्वास्थ्य चौकीमा प्रयोग गर्नुपर्ने देखियो र भविष्यमा सफ्टवेयर निर्माण गर्दा उक्त फिचर समेत समावेश गर्नुपर्ने देखियो । | |
| ४०. | **बढी भुक्तानीः** ३२।२०७५।८।१० आई.पि.एम. कृषक पाठशाला माहालक्ष्मी कृषक समूह गैरकट्टी ७ मा प्रशिक्षण गरेवापत पराग चौधरी र दिनेश कुमार यादवले नर्म्स बमोजिम रु ४००का दरले भत्ता बुझ्नु पर्नेमा रु ८००। का दरले भत्ता बुझिलिएकोले १० दिनको बढी भुक्तानी रु ३४००।००का दरले २ जनाबाट असुल हुनु पर्ने रु. | ६८००.० |

| | | |
|---|---|---|
| ४१. | **जिन्सी दाखिला:** कम्हरीया स्वास्थ्य चौकीका लागि खरिद गरिएको रु ९९०००। कम्प्यूटर सेट र प्रिन्टर १ थान पालिकाको जिन्सी खातामा आम्दानी बाँधी प्रयोग गर्नेको अभिलेख नराखी सम्वन्धित चौकीमा हस्तान्तरण गरेकाले पालिकाको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्ने रु. | ९९०००.० |
| ४२. | **बढी भुक्तानी :** पञ्चकर्म पूर्वकर्म कार्यक्रममा कार्यक्रम संचालन गर्दा कविराज निरीक्षक ध्रुवराज भण्डारी हस्ते रु १०००००।०० पेश्की फछ्र्योट गरी भुक्तानी गर्दा ४ दिनको सहजकर्ताको रु ४००० भुक्तानी लिनुपर्नेमा १०००।०० बढी खर्च लेखेको असूल हुनुपर्ने रु | १०००.० |
| ४३. | **यातायात सुविधा:** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ अनुशार सवारी साधन उपलव्ध नभएका उपाध्यक्ष वा उपप्रमुख वा वडा अध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन आउँदा र जादा ५ कि मी भन्दा बढीको पैदल हिँडनु पर्ने भएमा वा यातायात सुविधा भएकोमा आधा घण्टाभन्दा बढी समय लाग्ने भएमा त्यस्तो पदाधिकारी तथा सदस्यले स्थानीय तहको आन्तरिक स्रोत समेतका आधारमा स्थानीय सार्वजनिक यातायातमा लाग्ने खर्च रकम बरावरको यातायात खर्च मात्र खर्च पाउने व्यवस्था छ । यस बाहेक खर्च लेख्न नपाउनेमा ४७४-०७६।२।१ कृषि तालिम तथा प्रविधी हस्तान्तरण तथा झोला उत्पादन लगायतका तालिम कार्यक्रम वडा नं. ३ मा गर्दा वडा अध्यक्ष सहित वडा सदस्यलाई रु १०००। का दरले रु. ५ हजार अनुगमन खर्च लेखेकोले सान्दर्भीक यातायात खर्च कटाई असुल हुनुपर्ने देखिएको रु. | ५०००.० |
| | **राजश्वको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ४४. | **वडा कार्यालयहरुको राजश्व दाखिला :**आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ उपदफा ४ मा आफ्नो जिम्मामा आएको सरकारी नगद सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए १०% प्रतिशत र १५ दिन सम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना र सो समेत दाखिला गर्ने लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ % जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विमागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिन सम्म वा १० दिन भन्दा बढी ढिला गरेता पनि १०% जरिवाना गर्ने व्यबस्था भएकोमा प्रदेश ऐनको व्यवस्था संघीय ऐनको व्यवस्थासंग मेल भएको छैन र संघिय कानूनसंग प्रदेश कानून बाझिएमा संघीय कानून प्रभावकारी हुने व्यवस्था अनुसार मातहतका वडाहरुवाट देहाय अनुसार ढिला गरी मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार देहाय अनुसारको जरिवाना रकम असुल गनुपर्ने देखिएको रु. | २५१४७३.२ |

| वडा न | वडा सचिवको नाम | आय असुलि अवधि | ढिला दाखिला रकम | बैक दाखिला मिति | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|
| ५ | छवि गुप्ता / रामनिवास यादव | कार्तिक | ४६००० | ०७५/७/११ | ८ | ४६०० |
| | | पौष | ७८२४० | २०७५/९/११ | ८ | ७८२४ |
| | | माघ | २०००० | २०७५/१०/११ | ८ | २००० |
| | | फाल्गुन | २९३८४.७५ | २०७५/११/१३ | ८ | २९३८ |
| | | बैशाख | २००१०० | २०७६/१/१७ | १४ | २००१० |
| | | आषाढ | ३०००० | २०७५/११/१३ | १० | ३००० |
| | | आषाढ | २३८६० | २०७६/१/१७ | १४ | २३८६ |
| ६ | विजय यादव/छवि गुप्ता | भाद्र | ५५००० | २०७५/५/२५ | २२ | ५५०० |
| | | असोज | १०५००० | २०७५/६/२९ | २६ | १०५०० |
| | | मंसिर | ४४४२० | २०७५/८/२३ | २२ | ४४४२ |
| | | पौष | ४४५८७ | २०७५/९/२६ | २३ | ४४५८ |
| | | माघ | ४२७०३ | २०७५/१०/२९ | २६ | ४२७० |
| | | फाल्गुन | ४२७३३ | २०७५/११/१७ | १४ | ४२७३ |
| | | बैशाख | ४२८२५ | २०७५/१२/२४ | २१ | ४२८२ |
| | | आषाढ | १०४१४० | २०७६/३/११ | ८ | १०४१ |
| | | आषाढ | ४४९१२ | २०७६/३/१८ | १५ | ४४९१ |
| ३ | विजय नारायण | मंसिर | ३७९५१.० | ०७५/९/१६ | १३ | ५६९२.६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाण्डे | पौष | ४७८७७.० | ०७५/१०/१३ | १० | ४७८७.७ |
| | | फागुन | ८४४३.० | ०७५/१२/१३ | १० | ८४४.३० |
| | | चैत्र | ५५०५०.० | ०७६/१/१२ | ९ | ५५०५.० |
| | | बैशाख | ८२६६७.० | ०७६/२/१२ | ९ | ८२६६.७ |
| ४ | श्री रिङ्कु हरिजन | श्रावण | ११५९६०.० | ०७५/५/२५ | २२ | २८९९०.० |
| | | भाद्र | ८८४५२.० | ०७५/६/९ | ६ | ८८४५.२ |
| | | असोज | ३६१७६.० | ०७५/७/७ | ४ | ३६१७.६ |
| | | कार्त्तिक | २२३४६.० | ०७५/८/२७ | २४ | ५५८६.५ |
| | | मंसिर | २३२२३.० | ०७५/१०/१७ | ४४ | ५८०४.२५ |
| | | पौष | ५८२८८.० | ०७५/१०/१७ | १४ | ८७४३.२ |
| | | माघ | ९८५९५.० | ०७५/११/०६ | ३ | ९८५९.५ |
| | | फागुन | ३२८५०.० | ०७६/३/६ | ९३ | ८२१२.५ |
| | | चैत्र | ७२५७४.० | ०७६/३/६ | ६३ | १८१४३.५ |
| | | बैशाख | ८१६०७.० | ०७६/३/६ | ३३ | २०४०२.० |
| | | जेठ | ६५४२६.० | ०७६/३/२४ | २४ | १६३५६.५ |
| | | असार | ५८०११ | ०७६/४/५ | २ | ५८०१.१ |
| | **जम्मा** | | | | | २५१४७३.२ |

साथै, कार्यालयले वडा नं. १ को विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले कानून बमोजिम एकिन गरी कैफियत देखिएमा असुल गर्नुपर्दछ ।

४५. **प्रधानमन्त्री रोजगार कार्यकमः** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु. ३०४३०००। विनियोजन भएकोमा रु.२५६६९०१। खर्च गरि रु.४७६०९९।०० बाँकी रहेकोमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

क) वार्ड नं. ८ की मुनादेवी थापाको नाममा रु ८४००।०० खर्च लेखेकोमा भरपाई नभएकोले दाखिला हुनु पर्ने रु. ८४००.०

ख) यस पालिका अन्तर्गत बेरोजगार १३०५ जना रहेको जनाएकोमा २२१ जनालाई रु. ५२५। का दरले रु.१४८०८७५। भुक्तानी गरेको छ । खर्च रकम विनियोजित रकमको ८४.३५ प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको १६.९३ प्रतिशतले लाभ पाएको देखियो ।

४६. **तालिम :** तालिम कार्यक्रम संचालन गरी त्यसबाट प्रतिफलको समेत विचार गरी तालिम कार्यक्रम संचालन गर्नुपर्दछ । यो वर्ष कानूनी परामर्श, हाते ताना वुनाई, व्युटिसियन, सिलाई कटाई, फुलवारी व्यवस्थापन, उद्घोषण, सांकेतिक भाषा, अटोवर्कसप, कृषि विकास पशु विकास लगायतका तालिम संचालन गरी यो वर्ष रु. ३६०००००। खर्च गरेकोमा तालिम प्राप्त व्यक्तिहरुको अभिलेख व्यवस्थापन गरी तालिम प्राप्त व्यक्तिहरुले तालिम अनुसार व्यवस्थापन संचालन र रोजगारी प्राप्ती गरेको सम्वन्धमा अनुगमन समेत हुनुपर्ने देखिन्छ ।

**वित्तीय समानीकरण चालूतर्फको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

४७. **लक्षित कार्यक्रम** : गाँउ सभाबाट वडास्तरीय पूँजीगत कार्यक्रमबाट खर्च गर्ने गरी वडा नं. १ देखि ८ नं. वडा प्रति कार्यक्रम रु. ५० हजार देखिका लक्षित वर्ग कार्यक्रम स्वीकृत गरी खर्च गरेको देखियो । उक्त कार्यक्रमबाट कुनै पनि वडाले पूजिँगत कार्यमा खर्च गरेको देखिएन । सवै वडाले सो कार्यक्रमबाट जनचेतना अभिवृद्धि गर्ने भनि १।२ दिनको तालिम कार्यक्रम, सभा गोष्ठी, ऱ्याली संचालन गर्ने, त्यस्ता कार्यक्रमको बजेटको अधिकांश खर्च खाना खाजा र मसलन्द खरीद, अनुगमन र यातायातमा खर्च हुने गरेको देखिएको छ । लामो अवधीको सिपमुलक कार्यक्रम संचालन नगरी १।२ दिनको कार्यक्रम संचालन गरी प्रति कार्यक्रम १ लाख देखि ८ लाख ८५ हजार सम्म खर्च गर्ने गरेको. पाइयो । एकमुष्ट रुपमा ठुलो रकमवाट स-साना धैरै कार्यक्रम संचालन गर्दा प्रभावकारी हुने देखिएन । अतः लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित बजेट उपलब्धी मुलक कार्यमा खर्च गर्नुपर्दछ । गाउंपालिकाले लक्षित समूह खर्च विभिन्न मिति तथा विभिन्न कार्यकम वापत एकै आ.ब. मा तपशिल बमोजिमका गैह सरकारी संस्था बाट गराई भुक्तानी दिएको देखिन्छ । कार्यविधि र वजेट सिद्धान्त विपरित एंव कार्यालयमा सम्वन्धित क्षेत्रका कर्मचारी हुदाँहुदै गैह्सरकारी संस्थाबाट खर्च गराउनु नियमित नदेखिएको रु. २१३५०००.०

| सि.नं. | संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | हातेमालो बहुउदेशिय बहुउदेशिय केन्दलाई | ५००००.०० |

| | | |
|---|---|---|
| २ | मायादेवी यूवा समाजलाई भुक्तानी दलित सिलाई कटाई | ४०००००.०० |
| ३ | मायादेवी यूवा समाजलाई भुक्तानी सिलाई कटाई | २०००००.०० |
| ४ | लुम्विनी ज्ञानप्रभा सामुदायिक विकास संस्था | २०००००.०० |
| ५ | क्रिष्टिना एण्ड क्रिष्टल इन्टरनेशनल कन्सल्टेन्सी बुटीक तालिम | ८८५०००.०० |
| ६ | डाइनामिक यूथ लुम्विनी वार्ड नं. ३ कृषि तालिम र प्रविधी हस्तान्तरण | ४०००००.०० |
| | **जम्मा** | **२१३५०००.००** |

यस्तो वजेट र कार्यविधि विपरित खर्च गर्ने कार्यमा पूर्ण नियन्त्रण हुनुपर्दछ ।

४८. **ग्रेड भुक्तानीः** यस कार्यालय अन्तर्गत साविक स्थानीय विकास सचिवालय अन्तर्गत रही कार्यरत सामाजिक परीचालक सरितादेवी पोखरेललाई करार गरी यस पालिकामा मिति २०७४।४।१२ मा नियूक्त गरेको देखियो । गत वर्ष तलव भूक्तानी गर्दा समेत नदिएको ग्रेड यस आर्थिक वर्षमा गतको समेत रु ४६१९७। भुक्तानी गरेकोले करारमा कार्यरत कर्मचारीलाई ग्रेड दिन मिल्ने नदेखिएकोले सोही प्रकृतिका अन्य कर्मचारीलाई दिए नदिएको अन्य पालिकाकाबाट एकिन गरी असुल गर्नुपर्ने रु. ४६१९७.०

४९. **बढी भुक्तानीः भौ.न. १८९-०७५।१०।१७** संचार मिडिया प्रा.लि. लाई रु. ३००००। भुक्तानी दिने आदेश भएकोमा रु. ३३९००। भुक्तानी भएको देखिएकोले बढि रु. ३३९०। असुल हुनुपर्ने रु. ३३९०.०

५०. **प्रमाण पेश गर्नुपर्ने :** सरकारी रकम खर्चगर्दा खर्चको पुष्ट्याई गर्ने पर्याप्त प्रमाण संलग्न गर्नुपर्नेमा देहायका खर्च गर्दा बिल भरपाई संलग्न गरेको देखिएन । भौ.न. ४३६-०७६।३।१६ बाट विद्यालयलाई छात्रवृत्ति वितरणार्थ भुक्तानी रु. २५००००। को सम्बन्धित बिद्यार्थीलाई रकम वितरण गरेको भरपाई संलग्न राख्नुपर्ने देखिएको रु. २५००००.०

**पदाधिकारी सुबिधा**

५१. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार ५ नं. प्रदेशले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो गाँउपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु.४६४६६००। खर्च लेखेको देखियो ।

| क.सं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडा अध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६००००.० | ३२४०००.० | १२०००००.० | ८६४०००.० | १३४४०००.० | ४०९२०००.० |
| २. | सञ्चार सुविधा | ० | ० | ४८०००.० | १५०००.० | ०.०० | ६३०००.० |
| ३. | बैठक भत्ता | १९६००.० | १९६००.० | ९८०००.० | ११७६००.० | ४४८००.० | २९९६००.० |
| ४. | यातायात | ० | ० | ० | ० | १९२०००.० | १९२०००.० |
| | जम्मा | ३७९६००.० | ३४३६००.० | १३४६०००.० | ९९६६००.० | १५८०८००.० | ४६४६६००.० |

५२. **विज्ञापन छुटः** : कार्यालयले विभिन्न मितिमा विभिन्न सञ्चार माध्यमहरुलाई कार्यालय सम्वन्धी सुचना सम्प्रषकोलागी भुत्तानी दिएकोमा छुट सुविधा उपलब्ध गराईएको छैन । यसमा छुट सुविधा लिनुपर्दछ ।

| भौ.न./मिति | पाटीको नाम | रकम | छुट रकम २५% |
|---|---|---|---|
| ६/२०७५/५/२९ | गौतम बुद्ध मिडिया प्राली | १०८०० | २७०० |
| २०/२०७६/६/१३ | खस्यौली साप्ताहीक | २०००० | ५००० |
| ६८/२०७५/७/१३ | बुटवल पब्लीकेसन | १०००० | २५०० |
| १२६/२०७५/८/१३ | संलग्न साप्ताहीक | १२००० | ३००० |
| १६१/२०७५/९/४ | बुटवल मिडिया प्रकासन | १५००० | ३७५० |
| १६२/२०७५/९/५ | बुटवल मिडिया एजेन्सी | ३८४०० | ९६०० |

५३. **सेवा सुविधाः** पालिकाले मापदण्ड नवनाई वर्षभरीमा निम्नानुसार सञ्चार खर्च गरेको विवरण पेश गरेकोले यस प्रकारको खर्चमा नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाउनुपर्दछ ।

| भौ.न. मिति | सञ्चार सुविधा |
|---|---|
| १/२०७५/५/२१ | ९०००.०० |
| ७/२०७६/६/२ | ४००००.०० |
| ६९/२०७५/७//१३ | २३१००.०० |
| १०२/२०७५/८/४ | २१६००.०० |
| २३६/२०७५/१०/१५ | २३४००.०० |
| २८१/२०७५/११/८ | २७६९०.०० |
| **जम्मा** | **१४४७९०.००** |

| | | |
|---|---|---|
| ५४. | **लगबुक** : कार्यालय प्रयोजका लागी पदाधिकारीहरुले ईन्धन प्रयोग गरेको भनी ईन्धन विल समावेस गरेकोमा लगवुक समेत समावेश नगरेकोले लगवुक समावेस गर्नुपर्दछ । | |

| भौ.न,मिति | रकम |
|---|---|
| १०/२०७५/६/८ | ३७८३६३ |
| ५८/२०७५७/६ | १८५८३० |
| १२१/२०७५/५/१२ | १६८६७० |
| १७१/२०७५/९/१० | १९६३९७ |
| २२०/२०७५/१०/८ | ७०८९८ |
| २२१/२०७५/१०/८ | १५९६५१ |
| २७५/२०७५/११/५ | २०२४५० |
| ४२१/२०७६/१/१२ | २०८०३८ |
| जम्मा | १५७०२९७ |

| | | |
|---|---|---|
| ५५. | **विल भरपाई वेगर भुक्तानी** : अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भुक्तानीलाई पुष्टि गर्ने भरपाई तथा विल वेगर खर्च लेखेको पाईएकोले खर्च रकम पुष्टि गर्न सकिएन । अतः विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल गरी सञ्चित कोष दाखिला गर्नु पर्ने देखिन्छ । | |
| ५५.१. | ९८-२०७५।८।३ परामर्स सेवा उपलब्ध गराए वापत तिन जना वकिलहरुलाई रु १०००० का दरले रु ३००००। को १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा सो नगरेकोले कर रकम असुल गर्नुपर्ने रु | ४२००.० |

| व्यक्तिको नाम | रकम | कर रकम |
|---|---|---|
| अर्जुन बहादुर रावल | १००००.०० | १४००.०० |
| मनोज कुमार चौधरी | १००००.०० | १४००.०० |
| राममणी भुर्तेल | १००००.०० | १४००.०० |
| जम्मा | | ४२००.०० |

| | | |
|---|---|---|
| ५५.२. | १०७-२०७५२८।६ वार्ड न ८ का घर धनी लक्ष्मण अर्याललाई वाडा कार्यालयको विद्युत विल भुक्तानी गर्दा श्रावण देखि कात्तिक सम्मको रु १७५०२।- मात्र विल रहेकोमा रु १९९६८।- भुक्तानी गरिएकोले बढी रु २४६६।- असुल गर्नुपर्ने रु. | २४६६.० |
| ५५.३. | १२९-२०७५।८।१७ वार्ड न. ६ का वडाध्यक्ष राजेन्द्र यादवले वार्डको बैठकमा उपस्थित भएको माइन्यूट वेगर ३ ओटा ७०० का दरले २१००।- वैठक भत्ता वुझेकोले निजबाट सो रकम कर वाहेक असुल गर्नुपर्ने रु. | १७८५.० |
| ५५.४. | १४०-०७५।८।२० वार्ड न. ३ की वडा सदस्य सान्तीदेवी हरिजनको कार्तिक महिनामा १ दिन मात्र बैठकमा उपस्थीत भएकोमा ३ दिनको वैठक भत्ता वुझेकोले निजबाट २ दिनको ७०० का दरले कर बाहेक रकम रु ११९०।- असुल गर्नुपर्ने रु. | ११९०.० |
| ५५.५. | २१४-२०७५।१०।३ आन्तरीक लेखापरिक्षणको लागि वडा कार्यालय अनुगमन गरेको भनी अनुगमन भत्ता भुक्तानी रु ५६०००। वितरण गरेको नियमित नदेखिएको रु. | ५६०००.० |
| ५५.६. | २४७-०७५।१०।१७ राजश्व सम्वन्धी प्रशिक्षण गर्दा प्रशिक्षक सूचना प्रविधि अधिकृत अर्पण सरकारलाई कर वाहेक रु. ३४००। बुझाएकोमा भरपाई संलग्न नरहेकोले प्रमाण पेश हुनुपर्ने रु. | ३४००.० |
| ५५.७. | ३५७-०७५।१२।३० खर्च गर्दा औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्दछ । क्यालेण्डर छपाई गर्न एकपटक तयारी, एकपटक राख्ने म्याटर र अन्तिममा क्यालेण्डर छपाईको स्थिति अनुगमन गर्न वैठक वस्नु समेत बढिमा ३ वटा वैठक वसेकोलाई औचित्यपूर्ण देखिएपनि सो कार्य वापत ४ वटा बैठक वसेको देखिएकोले १ पटकको वैठक भत्ता खर्च औचित्यपूर्ण नदेखिएकोले ७ जनालाई दिएको वैठक भत्ता कर कट्टी वाहेक असूल गर्नुपर्ने रु. | ५९५०.० |
| ५५.८. | ४१७-०७६।१।७ बैठक भत्ता वापत बिनरञ्जन गुप्तालाई भरपाई भन्दा बढी भुक्तानी दिएको रु १५९०।,- असुल गर्नुपर्ने रु. | १५९०.० |
| ५५.९. | १३७-२०७५।८।१९ विभिन्न व्यक्तिहरुलाई सरकारी रुखहरु हटाउन अनुगमनमा अएको भनी रु ११०००। भुक्तानी दिएकोमा कर कट्टा नगरेको रु १६५०। असुल गर्नुपर्ने रु. | १६५०.० |
| ५५.१०. | ४२-२०७५।६।२१ नियम वेगर वडा न.५ का वडाध्यक्ष रामचन्द्र यादवलाई उपचार खर्च वापत रु ८००००। उपचार खर्च पाउने नियम र विल भरपाई पेस गर्नु पर्ने रु. | ८०००.० |
| ५५.११. | ५१-२०७५।६।२३ वार्ड न. ६ का वडा सचिव लिला गुरुङ्लाई औषधी उपचारको लागी रु २००००। | २००००.० |

| | | |
|---|---|---|
| | भुत्तानी गरेकोमा मेडिकलको प्रमाण र नियम पेस गर्नुपर्ने रु. | |
| ५५.१२. | १५९-२०७५।९।२ २०७५। कात्तिक र मंसिरमा वैठक वसेको भनि ६ ओटा वैठकको रु २५२०० भुक्तानी गरेकोमा रकम वुझेको भरपाई पेस नभएको रु. | २५२००.० |
| ५५.१३. | १६६-२०७५।९।९ वार्ड न. ८ का पदाधिकारीहरुलाई मंसिर महिनाको बैठक भत्ता वुझाएको भनि रु १२६०० खर्च लेखेकोमा बुझाएको भरपाई पेस नभएको रु. | १२६००.० |
| ५५.१४. | ३४८-२०७५।१२।२१ खेलकुद सामाग्री खरिद गरेको भनि रु १९९९६४ खर्च लेखेकोले समान वितरण गरेको भरपाई पेस नभएको रु. | १९९९६४.० |
| ५५.१५. | २८३-२०७५।११।८ विभिन्न व्यक्तिहरुलाई रु २००० का दरले १०० जनालाई रु २०००००। अनुदान वितरण गरेकोमा सो के वापत दिएको हो अनुगमन गर्नुपर्ने देखिएको रु. | २०००००.० |
| ५६. | **पेश्की :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ मा महालेखापरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूहरु सम्वन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैतिस दिनभित्र सम्वन्धित कार्यालयले फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । गत विगत वर्षको बेरुजु मध्ये संपरीक्षणका लागि रु.२६७७१५। लेखापरीक्षण डोरमा पेश गरेकोमा आ.व. २०७४।७५ को निम्न दफा नं. को रु.२६७७१५। संपरीक्षण भएको छ । पेश्की बाँकी समेत समयमै फछ्र्यौट गरि संपरीक्षण गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | ८०१३५४९.० |

| पेश्की लिएको मिति | पेश्की लिनको नाम | जम्मा रकम रु. |
|---|---|---|
| २०७६-०३-०२ | न्यू ड्राइगन अर्विट एन्जिनियरिङ्ग जे.भि. | १,१७०,०००.०० |
| २०७६-०३-१७ | न्यू ड्राइगन अर्विट एन्जिनियरिङ्ग जे.भि. | ८८३,८००.०० |
| २०७६-०१-०५ | जल उपभोक्ता समिति पथरिया | २००,०००.०० |
| २०७६-०२-०१ | तेलण्डिहवा जल उपभोक्ता समिति | २००,०००.०० |
| २०७६-०३-०३ | जल उपभोक्ता समिति कम्हरिया | ८०,९६१.०० |
| २०७६-०१-०८ | जल उपभोक्ता समिति भिलरहवा | १९८,९३६.०० |
| २०७६-०३-३१ | श्री तिलौरी नि.मा.वि | १,१२०,०००.०० |
| २०७६-०३-३१ | स्वास्थ्य चौकी भवन निर्माण उ.स. | ३,१००,०००.०० |
| २०७६-०३-०५ | श्री गैरगट्टी रामदुलारे मिश्र मा.वि. | २१०,०००.०० |
| २०७६-०३-३१ | श्री गैरगट्टी रामदुलारे मिश्र मा.वि. | १९०,०००.०० |
| २०७६-०३-३१ | श्री गैरगट्टी रामदुलारे मिश्र मा.वि. | ६५९,८४८.०० |
| | **जम्मा** | ८,०१३,५४९.० |

## मायादेवी गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| रुपन्देही | मायादेवी गाउँपालिका | ३२ | २३ | २७७९५ | ० | ० | ० | ३२ | २३ | २७७९५ | २८०६ | २१९१ | १४७८४ | ० | ० | १९७८१ | ० | ८०१४ | ८०१४ |

## मायादेवी गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची - २

२०७५/७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | मायादेवी गाउँपालिका | रुपन्देही | ७५९२० | १४३६८६ | २८०४०३ | ५३६४७ | ४७७७३६ | २५५३८२ | २१९५०२ | ५५५९ | ४८०४४३ | ७३२१४ |

## अद्यावधिक वेरुजू स्थिति

अनुसूची - ३

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| मायादेवी गाउँपालिका | रुपन्देही | ४३९५ | ० | ४३९५ | ० | २७७९५ | ३२१९० |